धनौजी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मधेश प्रदेश, नेपाल

प.सं. २०८१।०८२
च.नं.

मिति : २०८१।०६।१०

## प्रेस विज्ञप्ति

गाउँपालिकाको कामकारवाहीहरु अगाडि बढाउन आवश्कता अनुसार गाउँपालिकाका जनप्रतिनिधि एवम् कर्मचारीहरुलाई कार्यालय समय र कार्यालय समय बाहेक कामकाज गर्नु परिरहेको, गाउँपालिकाको कार्यालयमा त्यसै अनुरुप आवतजावत गर्नुपर्ने अवस्था रहेकोमा केही अराजक र असामाजिक तत्वहरुले कार्यालयमा तोडफोड गरेको र बदनियतपूर्वक स्थानीय सरकारको सार्वजनिक सम्पत्तिलाई हानी नोक्सानी पुऱ्याएको प्रति हामी गाउँपालिका परिवारको गम्भीर ध्यानाकर्षण भएको छ ।

सार्वजनिक सम्पत्ति हामी सबैको साझा सम्पत्ति हो र यसको सुरक्षाको जिम्मेवारी हामी सम्पूर्ण सरोकारवालाको विषय भएकोले यस्ता उच्छङ्खल गतिविधिमा संलग्न जोसुकैलाई पनि कानूनको दायरामा ल्याई कानून वमोजिम कारवाही प्रक्रिया अगाडि बढाउन हामी प्रतिबद्ध र एकजुट रहेकोले यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

साथै गाउँपालिकाको गतविगत लगायत समेतका काम क्रियाकलापको बारेमा कुनै गुनासो भएमा सधै छलफल गर्न तयार रहेको समेत धनौजी गाउँपालिकावासीमा अनुरोध गर्दछौं ।

धनौजी गाउँपालिकाले यस्ता अराजक र असामाजिक प्रक्रिया, क्रियाकलाप र पद्धति विरुद्ध सधैं एकजुट भई कडाईका साथ प्रतिकार गर्ने र कानुनको पालना गर्ने गराउने व्यहोरा सबैमा अनुरोध छ ।

.........
राज कुमार साह
गाउँपालिका अध्यक्ष

सम्पर्क: गा.पा. अध्यक्ष 9844026362, गा.पा. उपाध्यक्ष 9821234150 प्रमुख प्रशासकीय अधिकृत
email: dhanaujimun@gmail.com, web: www.dhanaujimun.gov.np